सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी

## प्रेश विज्ञप्ति

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ले राष्ट्रकवि माधवप्रसाद घिमिरेको एक सय एक वर्षको उमेरमा मिति २०७७।०५।०२ गते भएको निधनको खबरले आफुलाई अत्यन्त दुःखी तुल्याएको बताउनु भएको छ। साथै वहाले दिवङ्गत राष्ट्रकवि घिमिरेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदनासमेत व्यक्त गर्नुभएको छ। सम्माननीय प्रधान न्यायाधीशले शोक व्यक्त गर्दै उहाँको निधनबाट देशले एक प्रतिष्ठित साहित्यिक रत्नलाई गुमाएको बताउनु भएको छ। साथै शोक सन्देश मार्फत् राष्ट्रकवि घिमिरेले नेपाली मौलिक साहित्य वाङ्गमयमा पुऱ्याउनु भएको योगदान अतुलनीय रहेको एवम् वहाँका सिर्जनाहरु कालजयी र अमर रहने कामनासमेत व्यक्त गर्नु भएको छ।

प्रवक्ता
सर्वोच्च अदालत

मिति २०७७।०५।०४